स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ६ मध्यपुर थिमि भक्तपुर श्राबण १७ , २०७९

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको कार्यबिधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

संवत् २०७९ सालको कार्यविधि नं. १

मध्यपुर थिमि नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको आकस्मिक कोष संचालन तथा व्यवस्थापन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको **नेपाल कोरिया मैत्री नगरपालिकाको अस्पताल आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९**

**नेपाल कोरिया मैत्री नगर अस्पताल आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७९**

**प्रस्तावना :**

नगरपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट उपलब्ध गराउनु पर्ने वित्तीय स्रोत समयमा उपलब्ध नभएको कारणबाट अस्पतालमा सिर्जना भएको विशेष परिस्थितिमा तत्काल चाहिने खर्चको लागि व्यवस्था गर्न नेपाल कोरियामैत्री नगर अस्पतालमा आकस्मिक कोषको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नेपाल कोरियामैत्री नगर अस्पताल आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले नेपाल कोरिया मैत्री नगर अस्पताल सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

(ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी लाई सम्झन पर्छ।

(घ) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद, अस्पतालले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट समयमा प्राप्त गर्नुपर्ने अनुदान लगायतका सहयोग आकस्मिक वा अप्रत्याशित कारणबाट प्राप्त नगरेको कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकसम्मिक कार्य सम्झनु पर्दछ।

(ङ) "ऐन" भन्नाले मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७४ लाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ।

(छ) "कार्यविधि" भन्नाले आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९" सम्झनु पर्छ।

(ज) "कोष" भन्नाले दफा ३ बमोजमको कोष सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिका सम्झनु पर्छ।

(ञ) "कार्यकारी निर्देशक" भन्नाले अस्पतालको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले दफा ६ बमोजिम गठित व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

३) **अस्पतालस्तरीय आकस्मिक कोषको स्थापनाः** नेपाल कोरिया मैत्री नगर अस्पतालमा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४) **अस्पतालस्तरीय कोषमा जम्मा गरिने रकमः** नगरपालिका विनियोजन ऐन बमोजिम रु. ३ करोड ५० लाख (तीन करोड पचास लाख) रकम अस्पतालको आकस्मिक कोष सञ्चालनको लागि कार्यविधि बमोजिमका कार्य सञ्चालन गर्न कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराइनेछ।

५) **आकस्मिक कोषको रकम खर्च गर्न सक्ने:** अस्पतालले नगरपालिकाले उपलब्ध गराएको रकम अस्पतालमा आम्दानी बाँधी दफा ६ बमोजिमको समितिको निर्णय अनुसार तोकिएका क्षेत्रमा आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

६) **आकस्मिक कोष व्यवस्थापन समितिको गठन:** अस्पतालको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -अध्यक्ष |
| (ख) नगर उपप्रमुख | -उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | -सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (ङ) अस्पताल रहेको वडाको अध्यक्ष | - सदस्य |
| (च) अस्पतालको कार्यकारी निर्देशक | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, जनप्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

७) **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** (१) दफा ६ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ -

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

(ख) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आकस्मिक कार्य गर्नु पर्ने अवस्था भए सोको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने।

(ग) आकस्मिक कार्य गर्न अस्पताल प्रशासनबाट अनुरोध भएमा सो सम्बन्धमा निर्णय गरी सेवा प्रवाहका वैकल्पिक उपाय अवलम्बन गर्ने।

(घ) आकस्मिक कार्य गर्नुपर्ने अवस्थामा अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र उपयोग सम्बन्धी योजना बनाइ कार्यान्वयन गर्ने।

(ङ) अस्पतालबाट स्वास्थ्य सेवा उपलब्ध गराउँदा आइपर्ने विपदजन्य कार्य र काबु बाहिरको परिस्थितिको कारण अस्पतालको आर्थिक अवस्थामा गम्भिर असर परेको सम्बन्धमा अध्ययन गरी सुधारको लागि अस्पताल प्रशासनलाई निर्देशन दिने ।

(च) आकस्मिक कोषका लागि उपलब्ध गराइएको रकमको प्रगति बारे अध्ययन गरी समय समयमा नगरपालिकामा प्रतिवेदन गर्ने ।

(छ) आकस्मिक कार्यको अवधिमा अस्पतालबाट नियमित रुपमा उपलब्ध गराइएका स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्य सुरक्षा जस्ता कार्यक्रमहरूको निर्वाध कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ज) कोषबाट भएका कार्यहरूको बारेमा नगरपालिका समक्ष प्रतिवेदन पेश गर्न लगाउने ।

(झ) समय समयमा नगरपालिकाले दिएको निर्देशन पालना गर्ने ।

८) **समितिको बैठक सञ्चालनः** दफा ६ बमोजिमको समितिको बैठक र सञ्चालन विधि देहाय बमोजिम हुनेछ -

(क) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउन पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्था पनि बैठक बस्न सक्नेछ ।

(ख) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् । आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

(घ) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनपुस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ ।

(ङ) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(च) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९) **कोष तथा लेखा परीक्षणः** (१) दफा ३ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) कुनै विदेशी दाता, संस्था वा व्यक्तिवाट प्राप्त अनदुान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि समितिले नगरपालिकाको सिफारिशमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्विकृति लिनपुर्नेछ ।

(३) यस कार्यविधि बमोजिम अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(४) आकस्मिक कार्यका लागि अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(५) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

१०) **कोष तथा खाता सञ्चालनः** (१) अस्पतालको कार्यकारी निर्देशक र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिककारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दनी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछर्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

११) **खर्च रकम सोधभर्ना गर्नुपर्ने**: (१) व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम अस्पताल आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गरी सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आर्थिक वर्षको अस्पतालको विनियोजित बजेटबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

(३) मनासिव माफिकको कारण बाहेक अस्पतालले आकस्मिक कोषको रकम सोधभर्ना गर्न नसकेमा नगरपालिकाले सालवसाली रुपमा अस्पताललाई उपलब्ध गराउने बजेटबाट दामासाही वा एकमुष्ट रुपमा उक्त रकम कट्टा गरी नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्न सक्नेछ।

१२) **लेखा परीक्षण**: (१) व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(२) आन्तिरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ।

(३) समितिको अन्तिम लेखा परिक्षण नगरपालिकाको श्रेस्तासँगै महालेखा परिक्षक वानिजले तोकेको लेखा परीक्षकबाट हुनेछ।

(४) बैठक भत्ता समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ।

१३)   **आकस्मिक कार्य पूरा भएको जानकारी दिनु पर्ने:** व्यवस्थापन समितिले आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकीन भएपछि सो कुराको जानकारी नगरपालिकालाई तुरुन्त दिनु पर्नेछ।

१४)   **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** समितिले आकस्मिक कोषबाट सम्पन्न गरेका कामहरूको विवरण उल्लेख गरी प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

१५)   **निर्देशन दिन सक्ने:** नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

मिति : २०७९।०५।१७

आज्ञाले
विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत